राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २७२ २०८३ वैशाख २३ गते बुधवार (6 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

# विकासका सूचकमा पछाडि परेको मधेशबारे ब्रिटिस टोलीको चासो

दैनिक समाचारदाता
जनकपुरधाम, २२ वैशाख । काठमाडौंस्थित ब्रिटिस एम्बेसीको एक टोलीले मधेश प्रदेशको विकास अवस्था, चुनौती र सम्भावनाबारे जनकपुरधाममा पत्रकारहरूसँग अन्तरसंवाद गरेको छ । नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरण साहको पहलमा आयोजित कार्यक्रममा मधेशको वर्तमान अवस्था र विकासका अवरोधबारे गम्भीर छलफल भएको हो ।

अन्तरसंवादमा प्रस्तुत अध्ययनअनुसार मधेश प्रदेश जनसंख्याको दृष्टिले नेपालको सबैभन्दा ठूलो प्रदेश भए पनि मानव विकास, पूर्वाधार र गरिबीका सूचकमा अझै कमजोर अवस्थामा रहेको उल्लेख गरिएको छ । अध्ययनले मधेश प्रदेशको जनसंख्या करिब ६१ लाख १० हजार रहेको, जुन नेपालको कुल जनसंख्याको २०.९७ प्रतिशत रहेको जनाएको छ । प्रतिवर्ग किलोमिटर ६३३ जनसंख्या घनत्वसहित मधेश देशकै सबैभन्दा बाक्लो जनसंख्या भएको प्रदेश मानिन्छ ।



भारतसँग खुला सीमाना जोडिएकाले व्यापार, कृषि र सीमापार आवतजावतका हिसाबले मधेशको रणनीतिक महत्व उच्च भए पनि विकासका अधिकांश सूचकमा प्रदेशपछि परेको अध्ययनले औंल्याएको छ ।

अध्ययनअनुसार मधेश प्रदेशको मानव विकास सूचकांक ०.५१ रहेको छ, जुन सातै प्रदेशमध्ये सबैभन्दा कम हो । बहुआयामिक गरिबी दर २४.२ प्रतिशत रहेको उल्लेख गर्दै आर्थिक वर्ष २०२३/२४ मा नेपालको कुल गार्हस्थ उत्पादनमा मधेशको योगदान १३.१ प्रतिशत रहेको तथ्य प्रस्तुत गरिएको छ ।

जगदीश पौडेल, रत्नाकर झा, अजयचन्द लाल र रिता शाहसहितको टोलीले मधेश विकासका चार प्रमुख आधारबारे पत्रकारहरूसँग धारणा आदानप्रदान गरेको छ । टोलीले सुशासन र राजनीतिक व्यवस्थापन सुधार, प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धि, प्रभावकारी सेवा प्रवाह, सामाजिक समावेशिता, आर्थिक रूपान्तरण, निजी क्षेत्रसँग सहकार्य, रोजगारी विस्तार तथा डिजिटल प्रणाली र तथ्यांक पूर्वाधार सुदृढीकरणमा जोड दिएको थियो ।

कार्यक्रममा सहभागी पत्रकारहरूले भने मधेश प्रदेशलाई संघीय सरकारदेखि निजी क्षेत्रसम्मले अपेक्षित रूपमा प्राथमिकता नदिएको गुनासो गरेका छन् । कृषि, पर्यटन र उद्योगको प्रचुर सम्भावना हुँदाहुँदै पनि राज्यको उदासीनताका कारण मधेश हरेक क्षेत्रमा पछि पारिएको उनीहरूको भनाइ थियो ।

पत्रकारहरूले देशका अन्य प्रदेश र जिल्लाहरू शिक्षित घोषणा भइसक्दा पनि मधेश

बाँकी पृष्ठ ४मा

# सप्तरीमा विभिन्न मुद्दाका १० फरार प्रतिवादी पक्राउ

दैनिक समाचारदाता
सप्तरी, २२ वैशाख । सप्तरी प्रहरीले विभिन्न मुद्दामा फरार रहेका १० जना प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीले मङ्गलबार विज्ञप्ति जारी गर्दै ज्यान मार्ने उद्योग, लागूऔषध, लुटपाट, सवारी ज्यान तथा अभद्र व्यवहारलगायतका मुद्दामा संलग्न प्रतिवादीहरू पक्राउ गरिएको जनाएको हो ।

प्रहरी प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीका अनुसार लुटपाट मुद्दाका प्रतिवादी खडक नगरपालिका-५ का राजोदेवीकुमारी मण्डल, कारीदेवी मण्डल, रामदुलार मण्डल, रिताकुमारी मण्डल, दीपेशकुमार मण्डल, सेवरीदेवी मण्डल र रञ्जनाकुमारी मण्डल पक्राउ परेका छन् ।

उनीहरूलाई जनही एक सय ९६ रुपैयाँ जरिवाना तोकिएको प्रहरीले जनाएको छ ।

यस्तै, लागूऔषध मुद्दामा दुई दिन कैद सजाय तोकिएका राजविराज-७ का धिरेन्द्रकुमार साहलाई पनि पक्राउ गरिएको छ । पक्राउ परेकाहरूलाई कैद तथा जरिवाना भुक्तानीका लागि सोमबार नै जिल्ला अदालत सप्तरी, राजविराजमा उपस्थित गराइएको प्रवक्ता पुरीले जानकारी दिनुभयो ।

यसैगरी, सवारी अङ्गभङ्ग मुद्दामा तिरहुत गाउँपालिका-५ का २० वर्षीय शिवशङ्कर यादव, ज्यान मार्ने उद्योग मुद्दामा सुरुङ्गा नगरपालिका-९ का ४० वर्षीय काशिन्द्र साह तथा अभद्र व्यवहार मुद्दामा चितवनको राप्ती नगरपालिका-९ बस्ने ३० वर्षीय रामबहादुर विश्वकर्मालाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

पक्राउ परेका प्रतिवादीविरुद्ध जिल्ला अदालत राजविराजबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# शोभा पाठकमाथि आक्रमण गर्ने १० जनाविरुद्ध ज्यान मार्ने उद्योग मुद्दा





दैनिक समाचारदाता
काठमाडौं,२२ वैशाख । शोभा पाठकमाथि आक्रमण गरेको आरोपमा पक्राउ परेका १० जनाविरुद्ध ज्यान मार्ने उद्योग कसुरमा मुद्दा चलाउन प्रहरीले सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवनकुमार भट्टराईका अनुसार अनुसन्धान सम्पन्न भएपछि मंगलबार प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेश गरिएको हो । प्रहरीले अम्बिका बस्नेतसहित १० जनाविरुद्ध ज्यान मार्ने उद्योगको मुद्दा चलाउन सिफारिस गरेको जनाएको छ ।

सुधन गुरुङलाई पुनः गृहमन्त्री बनाउनुपर्ने माग गर्दै शोभा पाठक माइतीघरमा धर्नामा बसेकी थिइन् । सोही क्रममा नेकपा एमालेका सचिव महेश बस्नेतकी पत्नी अम्बिका बस्नेतसहितको समूहले पाठकमाथि आक्रमण गरेको आरोप लागेको थियो ।

घटनापछि प्रहरीले अम्बिकासहित १० जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरेको थियो । अब सरकारी वकिल कार्यालयले प्रतिवेदन अध्ययनपछि अदालतमा मुद्दा दर्ता गर्ने प्रक्रिया अघि बढाउनेछ ।

# बागमतीमा मन्त्रालय कटौती, १४ बाट ८ मा सीमित

दैनिक समाचारदाता
काठमाडौं, २२ वैशाख । बागमती प्रदेशमा मन्त्रालयको सङ्ख्या घटाइने भएको छ । प्रदेश सरकारको मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले हाल कायम रहेका १४ मन्त्रालयलाई घटाएर ८ वटा बनाउने निर्णय गरेको हो ।

प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार आगामी साउन १ गतेदेखि लागू हुने गरी ६ मन्त्रालयलाई समायोजन (मर्ज) गरिनेछ ।

अब प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आन्तरिक मामिला, कानुन तथा



सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय तथा उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय कायम रहनेछन् ।

हालको बजेट कार्यान्वयनको काम बाँकी रहेकाले मन्त्रालय पुन:संरचनाको निर्णय साउनदेखि मात्रै लागू गरिने मन्त्री तामाङले बताए । उनका अनुसार चालु आर्थिक वर्षको अन्त्यसम्म हालकै मन्त्रिपरिषद्ले काम गर्नेछ ।

“हालको बजेट कार्यान्वयन गर्नुपर्ने भएकाले साउन १ गतेसम्म बहालवाला मन्त्रिपरिषद् रहन्छ । ८ वटा मन्त्रालय बनाउने निर्णय साउन १ गतेदेखि कार्यान्वयन हुनेछ,” उनले भने ।

उनका अनुसार आगामी आर्थिक वर्षको बजेट पनि नयाँ संरचनाअनुसार ८ मन्त्रालयकै कोडिङ प्रणालीमा समायोजन गरिनेछ । आर्थिक मामिला तथा योजना मन्त्रालयले नयाँ मन्त्रालय तथा मातहतका कार्यालयहरूको बजेट कोडिङ तयार गर्नेछ ।

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# पाँचतारे होटलसँगै जनकपुरको नयाँ सम्भावना

मधेश प्रदेशको राजधानी जनकपुरधाममा अन्तर्राष्ट्रिय स्तरको पाँचतारे होटल निर्माण प्रक्रिया सुरु हुनु केवल एउटा व्यावसायिक परियोजना मात्र होइन, यो मधेशको आर्थिक, पर्यटन र पूर्वाधार विकासतर्फको महत्वपूर्ण संकेत पनि हो । करिब दुई अर्ब रुपैयाँको लगानीमा निर्माण हुन लागेको १२४ कोठे आधुनिक होटलले जनकपुरधामलाई धार्मिक नगरीबाट व्यवस्थित अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा रूपान्तरण गर्ने सम्भावना बोकेको छ । सीता-रामको पवित्र नगरी जनकपुरधाम धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले विश्वमै परिचित छ । प्रत्येक वर्ष नेपाल र भारतसहित विभिन्न देशबाट लाखौं श्रद्धालु तथा पर्यटक यहाँ आउने गरेका छन् । तर, यति ठूलो सम्भावना हुँदाहुँदै पनि जनकपुरधाममा अन्तर्राष्ट्रिय स्तरको होटल पूर्वाधारको अभाव लामो समयदेखि खट्किँदै आएको थियो । पाँचतारे होटल निर्माणको थालनीले अब त्यो अभाव क्रमशः अन्त्य हुने संकेत दिएको छ ।

पर्यटन केवल मन्दिर र धार्मिक आस्थासँग मात्र जोडिएको विषय होइन । गुणस्तरीय आवास, यातायात, सुरक्षा, सरसफाइ, मनोरञ्जन र सेवाको समग्र व्यवस्थापनले पर्यटन उद्योगलाई सफल बनाउँछ । जनकपुरधाममा आधुनिक होटल स्थापना हुनु भनेको धार्मिक पर्यटनलाई आर्थिक अवसरसँग जोड्ने प्रयास पनि हो । यसले स्वदेशी तथा विदेशी पर्यटकको बसाइ अवधि बढाउने, खर्च गर्ने क्षमता विस्तार गर्ने तथा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने अपेक्षा गर्न सकिन्छ ।

होटल निर्माणसँगै रोजगारी सिर्जना हुने पक्ष पनि उत्तिकै महत्वपूर्ण छ । प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सयौं युवाले रोजगारी पाउने सम्भावना छ । होटल सञ्चालनका लागि आवश्यक जनशक्ति, खाद्यान्न आपूर्ति, यातायात, हस्तकला, सांस्कृतिक कार्यक्रम तथा अन्य सेवा क्षेत्रसमेत सक्रिय हुने भएकाले यसले स्थानीय आर्थिक चक्रलाई बलियो बनाउनेछ । मधेशजस्तो बेरोजगारी र वैदेशिक पलायनको मार झेलिरहेको प्रदेशका लागि यस्ता परियोजना आशाका केन्द्र बन्न सक्छन् ।

तर, केवल होटल निर्माण हुँदैमा विकासको सपना पूरा हुँदैन । लगानी सुरक्षित गर्ने वातावरण, सुशासन, भरपर्दो विद्युत्, व्यवस्थित सडक, सफा शहर र दीर्घकालीन पर्यटन नीति समान रूपमा आवश्यक छन् । जनकपुरधाम अझै पनि अव्यवस्थित शहरीकरण, फोहोर व्यवस्थापन, ट्राफिक समस्या र कमजोर पूर्वाधारको चुनौतीसँग जुधिरहेको छ । यदि यी समस्या समाधान गर्न सकिएन भने पाँचतारे होटलको आकर्षण पनि सीमित हुन सक्छ ।

त्यसैले अब स्थानीय, प्रदेश र संघीय सरकारबीच प्रभावकारी समन्वय आवश्यक छ । निजी क्षेत्रले लगानी गर्ने वातावरण बनाउनु सरकारको दायित्व हो भने लगानीकर्ताले पनि सामाजिक उत्तरदायित्व र गुणस्तरीय सेवा सुनिश्चित गर्नुपर्छ । जनकपुरधामको मौलिक मिथिला संस्कृति, कला, खानपान र परम्परालाई पर्यटनसँग जोड्न सकिए मात्र यसको वास्तविक लाभ स्थानीय समुदायसम्म पुग्नेछ ।

आज सुरु भएको यो परियोजना जनकपुरधामका लागि एउटा ऐतिहासिक अवसर हो । यदि योजनाअनुसार होटल निर्माण सम्पन्न भई प्रभावकारी रूपमा सञ्चालनमा आयो भने यसले मधेश प्रदेशको पर्यटन विकासमा नयाँ अध्याय थप्नेछ । अब आवश्यकता केवल संरचना निर्माणको होइन, जनकपुरलाई अन्तर्राष्ट्रिय स्तरको व्यवस्थित, स्वच्छ र आकर्षक पर्यटन शहरका रूपमा विकास गर्ने सामूहिक प्रतिबद्धताको हो ।

# आलोचना भन्दा नागरिक आत्मसमीक्षाको खाँचो



सीमा बान

लोकतन्त्रमा नागरिकले सरकारलाई प्रश्न वा आलोचना गर्नु स्वाभाविक र आवश्यक मानिन्छ। लोकतन्त्रको सुन्दरता नै यही हो जहाँ नागरिकले सरकारलाई प्रश्न गर्न, सुझाव दिन र आलोचना गर्न पाउँछन्।

सरकारका कामहरूको मूल्यांकन गर्नु, नेताहरूको निर्णयमाथि टिप्पणी गर्नु यी सबैले शासन प्रणालीलाई उत्तरदायी बनाउँछ। तर नेपालमा आलोचना गर्ने तरिका र उद्देश्य दुवैमा कमजोरी देखिन्छ। हामी प्रायः तथ्यभन्दा भावनामा आधारित आलोचना गर्छौं। कुनै निर्णय आयो भने त्यसको पृष्ठभूमि, चुनौती र सम्भावित प्रभाव बुझ्नुभन्दा पहिले नै सामाजिक सञ्जालमा नकारात्मक प्रतिक्रिया दिन थाल्छौं। यसले न त सत्यलाई स्पष्ट बनाउँछ, न त समाधानतर्फ लैजान्छ बरु समाजमा अनावश्यक भ्रम र दूरी बढाउँछ।

नेपालको वर्तमान सामाजिक, आर्थिक र राजनीतिक परिवेशलाई नजिकबाट हेर्दा हामीले बारम्बार ठूला भ्रष्टाचार, अनियमितता र बेथितिको कुरा गर्छौं। तर सतहमा देखिने यथार्थ अलिक फरक पनि छ। नेपालमा नागरिक भन्दा कार्यकर्ताको बाहुल्य देखिन्छ। हाम्रो सोच प्रायः आफ्नो पक्षलाई सही र विपक्षलाई गलत ठान्ने छ। विपक्षले गरेको राम्रो काम पनि स्वीकार गर्न गाह्रो मानिन्छ। यसले सही कामको पनि अवमूल्यन गर्छ। यहाँ समाधान खोज्ने भन्दा दोष देखाउने प्रवृत्ति हावी छ। यही कारणले गर्दा लिब्रन जेम्सले भने जस्तो आलोचनाले नेतृत्वलाई बलियो बनाउन सकेको देखिंदैन।

नागरिक यतिसम्म दलका कार्यकर्ता बन्छन् कि आफ्नै घर अगाडिको बाटो पिच गर्न पनि आफ्नो दलको स्थानीय प्रमुख छैन भने विरोध गर्ने, बखेडा झिक्ने अनि बाटोका खाडल देखाएर आलोचना गर्छन्। नेता-कार्यकर्ता र नागरिक राज्यका नभई दलविशेषका देखिन्छन्। यहाँ नीति, योजना र कार्यक्रमको समीक्षा गर्नुको सट्टा व्यक्तिको चरित्र, बोली र व्यक्तिगत जीवनमाथि टिप्पणी गर्ने बढी देखिन्छन्। यसले स्वस्थ राजनीतिक बहसलाई कमजोर बनाउँछ र मुद्दाभन्दा व्यक्ति ठूलो देखिन्छ।

जब हरेक कुरा गलत मात्र देखाइन्छ तब मानिसहरूमा 'केही राम्रो हुँदैन' भन्ने धारणा बन्छ। यो धारणा देशको विकासका लागि सबैभन्दा ठूलो बाधा हो। अहिले युवा पुस्ताले नेपालमा केही नयाँपन खोजिरहेका छन्। सिस्टम र नीतिमा परिमार्जन खोजेका छन्। तर हामी परिवर्तनलाई स्वीकार गर्न र पर्खन सकिरहेका छैनौं। हामीलाई सिस्टम र नीतिभन्दा पर बसेर काम गर्ने आदत परिसकेको छ। तर यसैगरी हामीले हरेक प्रयासलाई नकारात्मक नजरले मात्र हेर्ने हो भने सुधार गर्ने प्रेरणा नै हराउँदै जान्छ। जसले नवप्रवर्तन र सिर्जनशीलतालाई रोक्छ। अनि, राजनीति निरन्तर आलोचना र नकारात्मकताको केन्द्र बन्दा नवप्रवेशीको खडेरी पर्न थाल्छ।

नेपाल जस्तो विकासोन्मुख देशमा सानो सुधार पनि ठूलो उपलब्धि हुनसक्छ। तर त्यसका लागि नेतृत्वसँगै नागरिक पनि सचेत र इमानदार हुनुपर्छ अझ भनौं नागरिक दलको कार्यकर्ताभन्दा माथि उठ्नुपर्छ। वास्तवमा समाजको आधार नै व्यक्तिगत व्यवहारमा अडेको हुन्छ र त्यो आधारमा नै दरारहरू देखा पर्न थाल्छन् भने ठूलो संरचना कमजोर हुनु स्वाभाविक मानिन्छ। एकपटक प्रश्न हामी आफैंलाई गरौं। के हामी दैनिक जीवनमा पूर्ण रूपमा इमानदार छौं ?

मानिसले दैनिक जीवनमा गर्ने साना बेइमानीका उदाहरण खोज्न कतै जानै पर्दैन। कतिपयले बसभाडा तिर्न छल्छन्। कोही लाइन मिचेर अघि बढ्छन्। कसैले सिफारिसको भरमा काम गराउँछन्। कसैले आम्दानीमा कर छल्छन्, विद्यार्थीले नक्कल गरेर पास हुन्छन्। कर्मचारीले समयको दुरुपयोग गर्छन्। सकेसम्म कामबाट पन्छिन खोज्छन्। व्यापारीले तौलमा तल-माथि गर्छन्, ट्याक्सीले मिटरमा छलछाम गर्छन्, परिवारले नाफाघाटाको हिसाब खोज्छन्।

मान्छेहरू लेनदेनमा छलकपट गर्छन्। यी सबै व्यवहारलाई हामी नजिकबाट नियालिरहेका हुन्छौं तर यस्ता कुरालाई सामान्य मानी बेवास्ता गरिरहेका हुन्छौं, गम्भीरताका साथ लिंदैनौं। यिनै साना बेइमानीहरूले हाम्रो सोच र संस्कारलाई विस्तारै दूषित बनाइरहेका हुन्छन्।

हामीले दैनिक जीवनमा गरिने यस्ता बेइमानीहरू प्रायः नयाँपनका लागि गरिएका जस्ता लाग्छन्। सरकारी कार्यालयमा छिटो काम गराउन कसैले चिनजान प्रयोग गर्छ, कसैले चिया-खाजा खर्च दिन्छ। कतिपय अवस्थामा नियम पालना गर्दा भन्दा नियम तोड्दा काम सजिलै हुन्छ। यस्तो अवस्थामा धेरैले सोच्छन् म एक्लैले इमानदार भएर के फरक पर्छ र ? हाम्रो प्रणालीमा कमजोरीहरू छन् जस्तो ढिलासुस्ती, पारदर्शिताको कमी र जिम्मवार प्राप्त पदाधिकारीको जिम्मेवारीको अभाव। यिनै कारणले मानिसहरू सानो बेइमानी गर्न बाध्य भएको जस्तो महसुस गर्छन्। तर, त्यही व्यवहारले फेरि प्रणालीलाई अझ कमजोर बनाइरहेको हुन्छ।

यहाँ प्रणालीभन्दा पनि व्यक्तिगत सम्बन्ध र पहुँचलाई प्राथमिकता दिने चलन अझै पनि बलियो छ। चिनजान भए काम सजिलो हुन्छ भन्ने सोचले नियम र विधिलाई कमजोर बनाइरहेको छ। जब नियम पालना गर्नेभन्दा उल्लङ्घन गर्नेले फाइदा पाउँछ, तब इमानदार व्यक्ति निरुत्साहित हुन्छ। अन्ततः समाजमा इमानदारी कमजोर र बेइमानी बलियो बन्न थाल्छ।

पद, पावर र पहुँचले बनाएको कृत्रिम प्रतिष्ठामा रमाएको समाजमा कहिलेकाहीं इमानदारी एक्लिन्छ। हामीले नियम पालना गर्दा अरूले सर्टकर्ट लिएर अघि बढेको देख्दा निराशा महसुस हुन्छ। तर इमानदारीले आत्मसम्मान बढाउँछ। सही बाटोमा अडिग रहँदा मन शान्त हुन्छ, आत्मविश्वास बलियो हुन्छ। वास्तवमा जीवनमा साँचो खुसी बाहिरी सफलताबाट होइन मनभित्रको सन्तुष्टिबाट आउँछ र त्यो सन्तुष्टि इमानदारीबाटै सम्भव हुन्छ। यसले व्यक्तिगत जीवनमा मात्रै होइन कार्यालयको कार्य सम्पादनमा पारदर्शिता, व्यापारमा विश्वास बढ्छ, शिक्षाको गुणस्तरमा सुधार हुन्छ र समाजमा सम्बन्धहरू मजबुत बन्छन्, मिहिनेतको कदर र न्यायको अनुभूति हुन्छ।

हामीले बारम्बार देश बदलिनुपर्छ भन्यौं तर देश कसले बनाएको हो ? हामीले नै होइन ? हामी विकास, सुशासन र समृद्धिको कुरा गर्छौं। तर यी सबै केवल नीतिले मात्र पूरा हुँदैनन्। यसका लागि नेतृत्वसँगै नागरिकमा बलियो इमानदारी पनि आवश्यक हुन्छ। आज समाजमा काम निकाल्न सिपालु व्यक्तिलाई प्रशंसा गरिन्छ, चाहे उसले नियम तोडेरै किन नहोस्। उसैलाई हामी चलाख भनेर गर्व गर्छौं।

चलाखी होइन इमानदारी नै गर्वको विषय बन्नुपर्छ। यसका लागि केही व्यावहारिक कदमहरू अपनाउन सकिन्छ। लाइनमा आफ्नो पालो कुर्नु, आफ्नो काम इमानदारीपूर्वक गर्नु, अरूको अधिकार नहडप्नु, सानो फाइदाका लागि गलत बाटो नअपनाउनु, आफ्नो कामप्रति जिम्मेवार बन्नु, गलत कामलाई सामान्य नठान्नु। आफूले नगरे पनि, कम्तीमा त्यसलाई 'ठिकै हो' भनेर समर्थन नगर्नु। बालबालिकालाई सानैदेखि नैतिक शिक्षा दिनु, इमानदार व्यक्तिलाई सम्मान गर्नु। यी कुरा सुन्दा सामान्य लाग्छन् तर यिनै कुराले व्यक्तिको चरित्र र मजबुत समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्छन्।

हामीले प्रायः भ्रष्टाचारको दोष नेता, कर्मचारी वा प्रणालीलाई दिन्छौं। तर कहिल्यै आफैंलाई सोधेका छौं ? के हामी नियमको सही बाटोमा हिंडेका छौं ? सानो फाइदाका लागि नीति नियमलाई तोडमोड गर्ने, चुप लागेर गलतलाई सहने वा आफ्नो जिम्मेवारीबाट पन्छिने बानी कतै हामीमै त छैन ? एकपटक मनन गरौं। वास्तवमा समाजमा देखिने धेरै बेइमानी हाम्रो आफ्नै साना व्यवहारबाट जन्मिएका हुन्छन्।

तर प्रणाली नै बेइमानीलाई प्रोत्साहित गर्ने खालको छ भने, इमानदार व्यक्ति एक्लो पर्न सक्छ। त्यसैले, प्रणाली सुधार अत्यावश्यक हुन्छ। यसका लागि राज्यका तर्फबाट सार्वजनिक सेवाहरू डिजिटल बनाउने, प्रक्रियालाई पारदर्शी बनाउने, पुरस्कार, दण्ड र सजायलाई न्यायोचित बनाउने, न्यायको प्रत्याभूति दिलाउने, समाजमा देखिने नकारात्मक र अराजक प्रवृत्तिलाई न्यूनीकरण गर्ने, नागरिकको सम्मानपूर्वक बाँच्ने अधिकारलाई सुनिश्चित गर्ने जस्ता कार्यहरू तदारुकताका साथ अगाडि बढाउनुपर्छ। पछिल्लो समय राज्यका तर्फबाट केही यस्ता सुरुवाती कदमहरू देखिएका छन्। यसलाई सबैले सकारात्मक रूपमा नै लिनुपर्छ।

अन्ततः परिवर्तन दुईतर्फी हुनुपर्छ। नागरिकले आफ्नो व्यवहार सुधार्ने र प्रणालीले इमानदारीलाई सहज बनाउने। हामीले सबै कुरा तुरुन्त बदल्न सक्दैनौं। जब गलत कामलाई सामान्य मानिन्छ, तब सही र गलत बीचको खाडल बढ्न थाल्छ। मानिसहरू आफ्नो स्वार्थलाई नै सबैभन्दा ठूलो सत्य मान्न थाल्छन्।

यस्तो अवस्थामा, समाजमा मूल्य र मान्यताहरू कमजोर बन्छन्। जसले दीर्घकालीन रूपमा ठूलो संकट निम्त्याउन सक्छ अनि भ्रष्टाचार र अनियमितता सामान्य बन्छ। यथार्थ यही हो कि सानो भए पनि बेइमानीले समस्या बनाउँछ तर इमानदारीले सधैं समाधान शुरु गर्छ।

समस्या समाधान केवल दोषारोपणले हुँदैन। यदि प्रणालीमै कमजोरी छ भने त्यसलाई सुधार गर्ने जिम्मेवारी पनि हाम्रै हो। इमानदार नागरिकको सक्रियता विना असल शासन सम्भव हुँदैन। हामीले 'अरूले के गऱ्यो ?' भन्दा 'म के गर्न सक्छु ?' भन्ने सोच अपनाउनुपर्छ। किनभने, परिवर्तन सधैं आफैंबाट शुरु हुन्छ। यदि हामीले केवल आफ्नै मात्र फाइदा सोच्यौं, जिम्मेवारीबाट पन्छियौं र आलोचनामा मात्र सीमित भयौं भने विकासको बाटो कहिल्यै फराकिलो हुँदैन।

त्यसैले आलोचना गरौं तर आत्मसमीक्षा पनि गरौं। अरूबाट सुधारको अपेक्षा गर्नुअघि आफैंबाट शुरु गरौं। देश परिवर्तनको मोडमा छ। सकारात्मक भएर हरेक तह र तप्काबाट आफ्ना जिम्मेवारी र कर्तव्य पूरा गरौं। निराशा होइन आशावादी बनौं।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# चट्याङको नालीबेली कहाँ पर्छ, कसरी बच्ने ?



सुमित्रा लुइटेल



प्रि-मनसुन सुरु भएसँगै नेपालमा चट्याङका घटना ह्वात्तै बढ्ने गर्छन् । वर्षको यो समयमा आकाशमा बिजुली चम्किनु र मेघ गर्जनको आवाजसँगै चट्याङ पर्ने जोखिम पनि उत्तिकै उच्च हुन्छ । नेपालमा हरेक वर्ष चट्याङबाट दर्जनौं मानिसको ज्यान जाने गर्छ भने सयौं घाइते हुन्छन् ।

चट्याङ कहिले र कहाँ बढी पर्छ ? यसबाट कसरी बच्ने ? र चट्याङ लागेमा के गर्न सकिन्छ ? यस सम्बन्धमा महत्वपूर्ण जानकारी यहाँ समेटिएको छ :

***नेपालमा चट्याङ कहिले बढी पर्छ ?***

नेपालमा चैत, वैशाखको समयमा सबैभन्दा धेरै चट्याङ पर्छ । प्रि-मनसुनको समयमा विद्युतीय चार्ज उत्पादन गर्ने बादल हुन्छ । वर्षायामको बादलमा पनि विद्युतीय चार्ज हुन्छ । तर, त्यो समयमा पानी धेरै पर्छ । पानीसँगै विद्युतीय चार्ज जमिनमा झर्छ।

प्रि-मनसुनको समयमा पानी कम पर्छ । बादल मडारिएर उथलपुथल हुन्छ अनि चट्याङ पर्छ । सामान्यतया चिसो मौसम र वसन्त ऋतुमा चट्याङ पर्दैन । चैतको मध्य समयदेखि असारसम्म बढी पर्छ ।

***नेपालको कुन-कुन क्षेत्रमा चट्याङको जोखिम बढी छ ?***

नेपालको सबैभन्दा जोखिमपूर्ण क्षेत्र चुरे हो । चुरेका पहाडहरूमा चट्याङको घनत्व मध्यमदेखि उच्च हुन्छ र मानिसको मृत्युदर पनि यहाँ सबैभन्दा बढी हुन्छ ।

मध्य र पूर्वी पहाडी क्षेत्रमा पनि जोखिम बढि हुन्छ । चुरे र कम उचाइका पहाडी जिल्लाहरूमा चट्याङ पर्ने घटना र मानवीय क्षति दुवै बढी देखिन्छ । उच्च हिमाली क्षेत्रमा चट्याङ कम पर्छ ।

नेपालमा चट्याङको सबैभन्दा बढी प्रभाव मकवानपुर जिल्लामा देखिएको छ । तर बारम्बार चट्याङ परिरहने क्षेत्रमा झापा र मोरङ पनि पर्छन् ।

***कच्ची घरमा बस्नेहरू चट्याङबाट किन बढी जोखिममा पर्छन् ?***

कच्ची वा कमजोर घरमा बस्ने मानिसहरू चट्याङबाट धेरै बढी खतरामा हुन्छन् । किनकी यस्ता जस्ताको छानो हालिएको हुन्छ । जस्तामा बिजुली प्रसार हुन्छ ।

चट्याङ लाग्दा करेन्ट सजिलै जस्ता हुँदै घरभित्र पस्छ र मानिसलाई लाग्छ । प्रायः पक्की घरमा चट्याङको करेन्ट जमिनमा पुर्‍याउने अर्थिङ सिस्टम राखिन्छ । तर कच्ची घरमा यस्तो केही पनि हुँदैन । त्यसैले करेन्ट घर र मानिस हुँदै जान्छ ।


***चट्याङबाट बच्नका कस्तो सतर्कता अपनाउनुपर्छ ?***

- आकाशमा बिजुली चम्किनेबित्तिकै चट्याङ पर्न लाग्यो भन्ने बुझ्नुपर्छ, त्यसबखत थचक्क बस्नुपर्छ । - हातलाई घुँडामा टेकाएर टाउको निहुराएर होचो ठाँउको भुइँ सतहमा बस्नु राम्रो हुन्छ ।
- यो समयमा छाता खोल्ने वा मोबाइल फोन प्रयोग गर्ने गर्नुहुँदैन । किनभने यी वस्तुमा भएका धातुले करेन्टलाई शरीरतर्फ तान्न मद्दत गर्छ ।
- चट्याङ पर्दा वा बादलबाट मेघ गर्जनको आवाज आउँदा घरभित्र हुनुहुन्छ भने विद्युतीय उपकरणबाट टाढै रहनुपर्छ ।
- यस्तो समयमा खेतबारीमा काम गर्न निस्किनुहुँदैन । खेतमै भएको अवस्थामा नजिकै रहेको पाटी वा छाप्रोमा बस्न सकिन्छ ।
- झ्याल र ढोका बन्द गर्नुपर्छ । बार्दली र कौसीमा बस्नु हुँदैन । यसबाहेक बिजुलीसँग जोडिएको वस्तु छुनु उपयुक्त हुँदैन ।
- धातुबाट बनेका पाइप, धारा र हात धुने बेसिनबाट सम्भव भएसम्म टाढा रहनुपर्छ ।
- चट्याङ परेका बेला रुखमुनि, अग्लो भवन वा खुल्ला ठाँउमा उभिनुहुँदैन । अग्लो ठाँउमा बस्दा समूहमा उभिनुको सट्टा अलग्गै उभिनुपर्छ । सबैभन्दा राम्रो भनेको नजिकैको घरमा आश्रय लिनु हो ।
- यात्राको क्रममा चट्याङ परेमा गाडीमै बस्नुपर्छ । बाइकमा भए तुरुन्त रोकेर घर वा पार्टी भएको स्थानमा बस्न सकिन्छ ।
- बिजुली वा टेलिफोनको पोल र कुनै पनि मेसिनबाट टाढा रहनुपर्छ । यदि पानीमुनि वा डुंगामा भएको अवस्था छ भने तुरुन्तै बाहिर निस्कनुपर्छ ।

***चट्याङ लागेमा तुरुन्त के गर्ने ?***

- यदि आफ्नो वरपर नजिकै कसैमाथि चट्याङ परेको देखिहालेमा सम्भव भएसम्म तत्काल पहिले नजिकको अस्पताल लैजान एम्बुलेन्स बोलाउनुपर्छ ।
- एम्बुलेन्स आउने समयसम्म प्राथमिक उपचार गर्नुपर्छ ।
- कतिपयले पीडितलाई छुँदा करेन्ट लाग्ने डरले नछोइ बस्न सक्छन्, जुन गलत हो । चट्याङ लागेका मानिसमा विद्युतीय करेन्ट बाँकी नहुने हुँदा उनीहरूलाई छुँदा अरूलाई केही हुँदैन।
- चिकित्सक नआउने समयसम्म पीडितको अवस्था अवलोकन गरी चट्याङ लागेका व्यक्ति बेहोसीको अवस्थामा भए सास चलिरहेको छ कि छैन हेर्नुपर्छ ।
- चट्याङ लागेको व्यक्तिको नाक र मुख छेउमा आफ्नो दुई औंला वा कान राखेर हावा आइरहेको छ कि छैन अनुभव गर्न सकिन्छ।
- मुटुको धड्कनको गति पनि छामेर जाँच गर्न सकिन्छ ।
- सास फेरेको छैन जस्तो लाग्छ भने नाडी १० सेकेण्ड जति छामेर हेर्नुपर्छ । छाम्दा नाडी र गर्दनमा दुई औंला बलियोसँग राखी स्थिर भएर धड्कन अनुभव गर्नुपर्छ । यसले शरीरमा रक्तसञ्चार भइरहेको थाहा हुन्छ ।
- नाडी छाम्दा भेटिएन भने तुरुन्त सीपीआर दिनुपर्छ ।
- सीपीआर गर्न छातीको केन्द्रमा दुवै हातले बल लगाएर धक्का दिनुपर्छ । एक मिनेटमा लगभग १०० देखि १२० पटक धक्का दिनुपर्छ । यसरी धक्का दिँदा फोक्सोमा भरिएको पानी पनि बाहिर आउन सक्छ । यो बीचमा एम्बुलेन्स आइपुगेमा पनि सीपीआर जारी राख्नुपर्छ ।
- प्रायः चट्याङ पर्दा टाउकोबाट करेन्ट प्रवेश गर्ने र खुट्टाबाट बाहिरिने हुनाले टाउको र खुट्टा जलेको, हड्डी भाँच्चिएको, सुन्ने शक्ति वा हेर्ने शक्ति पनि नभएको हुनसक्छ । त्यसैले यी कुरा जाँच गर्नुपर्छ ।
- सामान्य चोटपटकले रगत बगिरहेको छ भने मलमपट्टी गर्नुपर्छ ।

# अमेरिकी आक्रमणमा पाँच जनाको मृत्यु



काठमाडौँ २२ वैशाख । अमेरिकाले कार्गो डुङ्गाहरूमा गरेको आक्रमणमा पाँच जना सर्वसाधारणको मृत्यु भएको इरानको तस्निम समाचार एजेन्सीले मङ्गलबार जनाएको छ।

अमेरिकी सेनाले ६ वटा इरानी डुङ्गाहरुलाई लक्षित गरी आक्रमण गरेको दाबी गरेको छ । इरानको कुनै पनि लडाकू जहाजहरू आक्रमण बाट प्रभावित भनएको जनाइएको छ।

ओमानको तटमा खसाबबाट इरानतर्फ जाँदै गरेका दुई वटा कार्गो डुङ्गाहरूमा अमेरिकी सेनाले आक्रमण गर्दा डुङ्गामा सवार पाँच जना सर्वसाधारण नागरिक यात्रुहरूको मृत्यु भएको जनाइएको छ।

अमेरिकी कमाण्डका प्रमुख ब्राड कुपरले भने अमेरिकी सेनाले ६ वटा इरानी डुङ्गाहरूमा स्ट्रेट अफ होर्मुजमा डुबाएको बताए। अमेरिकी हेलिकप्टरहरूद्वारा इरानी डुङ्गाहरू प्रहार गरिएको कूपरले पत्रकारहरुसँको साक्षतकारमा बताउनु भएको छ। रासस

# हुनानमा पटाखा कारखाना विस्फोट, २१ को मृत्यु

चीन २२ वैशाख । मध्य चीनको हुनान प्रान्तस्थित एक पटाखा उत्पादन कारखानामा भएको भीषण विस्फोटमा कम्तीमा २१ जनाको ज्यान गएको छ भने ६१ जना घाइते भएका छन् । सोमबार दिउँसो भएको उक्त घटनापछि पनि जोखिम कायम रहेकाले उद्धार तथा अनुसन्धान कार्य तीव्र रूपमा अगाडि बढाइएको छ ।

चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार विस्फोट चाङ्सा सहरअन्तर्गतको औद्योगिक क्षेत्रमा रहेको कारखानामा भएको हो । चाइना डेलीका अनुसार उक्त उद्योग लियुयाङ क्षेत्रको प्रमुख आतसबाजी उत्पादन केन्द्रमा पर्ने हुआशेङ आतसबाजी निर्माण तथा प्रदर्शन कम्पनीद्वारा सञ्चालन हुँदै आएको थियो ।

राज्य प्रसारण संस्था चाइना केन्द्रीय टेलिभिजनद्वारा सार्वजनिक गरिएको हवाई दृश्यमा विस्फोटपछि कारखानाका धेरै संरचना ध्वस्त भएका र केही स्थानमा अझै सेतो धुवाँ उठिरहेको देखिएको छ, जसले घटनास्थल अझै पूर्ण रूपमा सुरक्षित नभएको सङ्केत गर्दछ ।

घटनास्थलमा करिब ५०० जना उद्धारकर्मी परिचालन गरिएको छ । विस्फोट नजिकै रहेका दुईवटा उच्च जोखिमयुक्त बारुद भण्डारका कारण थप दुर्घटनाको सम्भावना रहेकाले आसपासका बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको छ ।

अहिलेसम्म विस्फोटको ठोस कारण खुलेको छैन । सम्बन्धित निकायहरूले अनुसन्धान सुरु गरिसकेका छन् भने प्रहरीले कम्पनीका जिम्मेवार व्यक्तिलाई नियन्त्रणमा लिएको जनाएको छ ।

यस घटनापछि चिनियाँ राष्ट्रपति सी जिनपिङले बेपत्ता व्यक्तिहरूको खोजी तथा घाइतेहरूको उद्धारमा सम्पूर्ण प्रयास गर्न निर्देशन दिनुभएको छ । उहाँले घटनाको कारण चाँडो पत्ता लगाई जिम्मेवारमाथि कडा कारबाही गर्न र औद्योगिक क्षेत्रमा सुरक्षा व्यवस्थालाई अझ कडा बनाउन पनि आग्रह गरे ।

उद्धारका क्रममा थप जोखिम कम गर्न पानी छर्कने तथा वातावरण चिस्यानयुक्त बनाउने उपाय अपनाइएको छ । कठिन स्थानमा खोजी कार्यलाई सहयोग पुर्‍याउन तीनवटा स्वचालित यन्त्रसमेत प्रयोगमा ल्याइएको छ ।

लियुयाङ क्षेत्र आतसबाजी उत्पादनको पुरानो केन्द्रका रूपमा चिनिन्छ । गिनिज वर्ल्ड रेकर्ड्सका अनुसार व्यवस्थित रूपमा अभिलेख गरिएको पहिलो आतसबाजी ताङ राजवंश (६१८-९०७ ईस्वी) का भिक्षु ली टियानसँग सम्बन्धित मानिन्छ, जसले बाँसमा बारुद प्रयोग गरी विस्फोट गराउने विधि विकास गरेका थिए ।

यसअघि पनि फेब्रुअरी महिनामा चन्द्र नयाँ वर्षका बेला चीनमा आतसबाजी पसलहरूमा भएका दुईवटा छुट्टाछुट्टै विस्फोट घटनामा मानवीय क्षति भएको विवरण सार्वजनिक भएको थियो । पछिल्ला घटनाले यस उद्योगको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठाइरहेका छन् । रासस

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# जनमत बाहिरिएपछि मधेश सरकार संकटमा

दैनिक समाचारदाता

जनकपुरधाम, २२ वैशाख । नेपाली काँग्रेस नेतृत्वको मधेश प्रदेश सरकार संकटमा परेको छ । सरकारमा सहभागी जनमत पार्टीले समर्थन फिर्ता लिने घोषणा गरेपछि सरकारको स्थायित्वमाथि प्रश्न उठेको हो । जनमत पार्टीका प्रमुख सचेतक चन्दनकुमार सिंहको नेतृत्वमा ९ जना सांसदले सरकारलाई दिएको समर्थन फिर्ता लिएको घोषणा गरेका छन् । सिंहका अनुसार वैशाख ११ गते बसेको दलको बैठकले विगत चार महिनादेखि मधेश सरकारले सन्तोषजनक काम गर्न नसकेको निष्कर्ष निकाल्दै समर्थन फिर्ता गर्ने निर्णय गरेको थियो । तर उक्त निर्णय ११ दिनपछि मात्रै सार्वजनिक गरिएपछि पार्टीभित्र विवाद चर्किएको छ ।

जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादवले आफूलाई जानकारी नै नदिई निर्णय गरिएको भन्दै असहमति जनाएका छन् । उनले ९ जना सांसद सहभागी भएको बैठक कानुनी रूपमा वैध नभएको र पार्टी विधानअनुसार प्रमुख सचेतकलाई यस्तो निर्णय गर्ने अधिकार नभएको दाबी गरे ।

उनले भने, "जनमत पार्टीले मधेश सरकारलाई दिएको समर्थन यथावत् छ । पार्टीभित्र केही विवाद भए पनि चाँडै समाधान हुन्छ । जनअपेक्षाविपरीत काम गर्न सकिँदैन ।"

यसैबीच, जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले मंगलबार मधेश प्रदेश संसदीय दलको नेता परिवर्तन गरेका छन् । उनले महेशप्रसाद यादवलाई हटाउँदै चन्दनकुमार सिंहलाई नयाँ संसदीय दलको नेतामा चयन गरेको जानकारी पत्रमार्फत दिएका छन् ।




जनमत पार्टीभित्रको विवाद र समर्थन फिर्ताको घोषणाले मधेश प्रदेश सरकारको भविष्य अनिश्चित बनेको छ ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले भने जनमत पार्टीले समर्थन फिर्ता लिएको विषयमा आफू औपचारिक रूपमा अनभिज्ञ रहेको बताएका छन् । उनले वैधानिक प्रक्रिया पूरा गरेर मात्रै समर्थन फिर्ता लिन सकिने स्पष्ट पार्दै अनौपचारिक घोषणाले कुनै प्रभाव नपर्ने बताए ।

मुख्यमन्त्री यादवले भने, "सरकारबाट समर्थन फिर्ता लिन विधिसम्मत प्रक्रिया अपनाउनुपर्छ । जसले पायो त्यसले घोषणा गर्दैमा समर्थन फिर्ता भएको मानिँदैन ।"

उनले गठबन्धन सरकारमा संसदीय दलका नेताको निर्णयलाई मात्र मान्यता हुने र त्यसलाई प्रदेश प्रमुखले वैधता दिने व्यवस्था रहेको उल्लेख गरे । साथै सरकारको कामकारबाही सन्तोषजनक रहेको दाबी गर्दै आधिकारिक जानकारी आएपछि मात्रै औपचारिक प्रतिक्रिया दिने बताए ।

यसैबीच, प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादवले मधेश सरकार अहिलेसम्मकै सबैभन्दा कमजोर सरकार भएको टिप्पणी गरेका छन् ।

उनले भने, "अहिलेसम्म बनेका सरकारमध्ये यो सबैभन्दा कमजोर सरकार हो । सरकारको कार्यसम्पादन कमजोर भएकै कारण हामीले मुख्यमन्त्रीलाई कार्यदक्षता बढाउन आग्रह गरेका थियौं ।"

उनले सरकारको कार्यशैली सुधार नभए समर्थन फिर्ता लिनेसम्मको चेतावनी पहिले नै दिएको स्मरण गराउँदै गठबन्धनभित्रकै दलले समर्थन फिर्ता लिनुले सरकारको अवस्था थप स्पष्ट भएको बताए ।

उनका अनुसार सरकारको कार्यसम्पादन "शून्यजस्तै" छ । निर्णय र कार्यान्वयनबीच तालमेल नदेखिएको तथा गठबन्धन दलहरूबीच सहकार्यको अभाव रहेको आरोप उनले लगाए । जनमत पार्टीले समर्थन फिर्ता लिएको घोषणा गरेसँगै गठबन्धनमा आबद्ध अन्य दलहरू पनि आन्तरिक छलफलमा जुटेका छन् । जनता समाजवादी पार्टी (जसपा) नेपालले समर्थन कायम राख्ने वा फिर्ता लिने विषयमा निर्णय गर्न बैठक बसिरहेको जनाएको छ ।

# गौशाला धर्मशालामा मारवाडी समितिको दाबी खारेज

दैनिक समाचारदाता

काठमाडौं २२ वैशाख । गौशाला धर्मशालासम्बन्धी काठमाडौं जिल्ला अदालतको फैसला उच्च अदालत पाटनले पनि सदर गरेको छ । फैसलासँगै मारवाडी सेवा समितिले व्यापार व्यवसाय सञ्चालन गर्दै आएको गौशाला धर्मशालाको जग्गा खाली गर्नुपर्ने भएको छ ।

उच्च अदालत पाटनका न्यायाधीशद्वय खड्गबहादुर केसी र रमेशप्रसाद ज्ञवालीको इजलासले सोमबार काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्दै पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको गौशाला धर्मशालाको जग्गामा समितिको मोहियानी हक नलाग्ने ठहर गरेको हो ।

अदालतका सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाका अनुसार उक्त फैसलासँगै पशुपति गौशाला धर्मशालाको सम्पूर्ण स्वामित्व पुनः कोषमै फर्किएको छ ।

करिब २५ वर्षदेखि मारवाडी सेवा समितिको कब्जामा रहेको साविक पशुपति पञ्चायत वडा नं. २ अन्तर्गत कित्ता नम्बर ८३ को चार रोपनी १५ आना दुई दाम र कित्ता नम्बर ८५ को चार रोपनी १० आना जग्गामा समितिको मोही हक नलाग्ने निर्णय यसअघि काठमाडौं जिल्ला अदालतले गरेको थियो ।

जिल्ला अदालतको फैसलाविरुद्ध समितिले पशुपति क्षेत्र विकास कोष, तत्कालीन सदस्य-सचिव डा. मिलनकुमार थापासहित १२ जनालाई विपक्षी बनाई २०८१ मङ्सिर २१ गते उच्च अदालत पाटनमा पुनरावेदन दायर गरेको थियो ।

काठमाडौं जिल्ला अदालतका तत्कालीन न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासले २०८१ असोज १६ गते दिएको फैसलाको पूर्णपाठमा धर्मशालाको जग्गामा समितिले आफ्नो मोही हक दाबी गरे पनि त्यसलाई पुष्टि गर्ने आधार नभेटिएको उल्लेख गरिएको थियो ।

फैसलामा साविकदेखि "पशुपति गौशाला धर्मशाला" नामक कुनै संस्था अस्तित्वमा रहेको नदेखिएको तथा मारवाडी सेवा समितिले २०६० जेठ १२ गते पशुपति अमालकोट कचहरीसँग सम्झौता गर्दा समेत उक्त तथ्य स्वीकार गरेको उल्लेख छ ।

## विकासका......

प्रदेशको एउटा पनि जिल्ला हालसम्म शिक्षित घोषणा हुन नसक्नु विडम्बनापूर्ण रहेको टिप्पणी गरेका छन् ।

उनीहरूले कुनै समय देशका ७२ प्रतिशत उद्योग मधेशमै केन्द्रित रहेको, ७१ प्रतिशत राजस्व यहीँबाट संकलन हुने गरेको र शिक्षा क्षेत्रसमेत बलियो रहेको स्मरण गर्दै संघीयतापछि केही पूर्वाधारमा सुधार भए पनि जनताको आत्मनिर्भरता र उत्पादनमुखी विकासमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको बताएका छन् ।

अन्तरसंवादमा तीन तहका सरकार भएपनि प्रदेश र स्थानीय तहमा पर्याप्त कर्मचारी अभावका कारण जनप्रतिनिधिले चाहेजस्तो काम गर्न नसकेको विषय उठाइएको थियो । कृषि क्षेत्रका लागि समयमा मलखाद उपलब्ध नहुनु, पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्द्धनमा बेवास्ता हुनु, उद्योग सञ्चालनका लागि अनुकूल वातावरण नबन्नु तथा लगानी आकर्षित गर्न प्रभावकारी पहल नहुनुजस्ता विषयमा पनि छलफल भएको थियो ।

कार्यक्रममा मधेश प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खडग, मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष सुरेश यादव, वरिष्ठ पत्रकार श्यामसुन्दर शशि, अजय झा, कैलास दास, नित्यानन्द मण्डल, अवधेश कामत, अजित तिवारी, रिंकु मिश्र, कमलेश ठाकुरलगायतले आ(आफ्ना धारणा राखेका थिए ।

## बागमतीमा......

प्रदेश सरकारका अनुसार मन्त्रालय पुनःसंरचनापछि मातहतका कार्यालयहरूको सङ्ख्या १९८ बाट घटेर १४८ मा झर्नेछ । यसबाट वार्षिक चालु खर्चतर्फ करिब ५ अर्ब रुपैयाँ बचत हुने अनुमान गरिएको छ । बचत भएको रकम पुँजीगत खर्चतर्फ लगाइने मन्त्री तामाङले जानकारी दिए ।

मन्त्रिपरिषद् बैठकले मन्त्रालय मातहतका कर्मचारी व्यवस्थापनका लागि ओ एण्ड एम अध्ययन समिति पनि गठन गरेको छ । समितिको संयोजकमा मुख्यमन्त्री कार्यालयको कानुन महाशाखाका प्रदेश सचिव रहनेछन् । समितिमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य रहनेछन् भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव सदस्य सचिव रहने व्यवस्था गरिएको छ । उक्त समितिले आवश्यक अध्ययन गरी साउन १ गतेअघि नै मन्त्रिपरिषद्मा प्रतिवेदन पेस गर्नेछ ।

# डब्ल्यूएचओद्वारा दोस्रो हान्टाभाइरस सङ्क्रमणको पुष्टि




रासस

काठमाडौं । विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले एटलान्टिक महासागरको क्रुज जहाजमा हान्टाभाइरस सङ्क्रमणको दोस्रो सङ्मण पुष्टि गरेको क्रूज जहाज अपरेटर ओसनवाइड एक्सपिडिशनले विज्ञप्ति मार्फत जनाएको छ ।

जना महिला यात्रीमा पछिल्लो सङ्क्रमण पुष्टि भएको जनाउँदै उसले सङ्क्रमित महिलाको अप्रिल-२७ मा मृत्यु भइसकेको उल्लेख गरेको छ ।एक दम्पती र एक जना जर्मन नागरिकका साथै दुई चालक दलका सदस्य बिरामी परे पछि सङ्मणको आशङ्कामा उनीहरु सहित करिब १५० जना यात्रुहरु जहाजमै रहेको जनाइएको छ । हालै पुष्टि भएको हान्टाभाइरस सङ्क्रमीत यात्री बेलायती नागरिक रहेको र हाल जहाजबाट निकाली दक्षिण अफ्रिकाको जोहानेसबर्गमा स्वास्थ्य उपचार भइरहेको जनाइएको छ ।

जहाजमा रहेका दुई जना चालक दलका सदस्यहरूमा तीव्र श्वासप्रश्वास लगायतका लक्षणहरू देखा परेकाले दुवैलाई तत्काल चिकित्सा सेवा आवश्यक रहेको विज्ञप्तिमा उल्लेख छ । हाल सङ्क्रणको लक्षण भएका अन्य व्यक्तिहरू पहिचानका लागि स्वास्थ्य परीक्षण गरिरहेको बताइएको छ ।

हान्टा भाइरसहरू एउटा भाइरसहरूको समूह हो जसले मानिसहरूमा गम्भीर रोग निम्त्याउन सक्ने डब्ल्यूएचओले जनाएको छ । सङ्क्रमण सामान्यतया संक्रमितहरूको पिसाब, तथा थुकको सम्पर्कबाट एक मानव-देखि अर्को मानवमा सर्ने जनाइएको छ ।

माटो राम्रो, बाली राम्रो, विषादी कम,
सुरक्षित स्वास्थ्य
हाम्रो सन्तुलित प्राकृतिक खेती गरौं,
सुरक्षित
भविष्य बनाऔं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

स्वास्थ्यमा ध्यान दिऔं ।

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिँडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुम्रपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं.
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं ।

*स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४